# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

आधुनिकता, विकास र समृद्धिको रचनाकार आम श्रमजीवी जनता हुन्, मजदुर हुन् । तर समयको लामो अन्तरालसम्म तिनै मजदुरहरु अधिकारविहीन, शोषित एवं उत्पीडित रहे । आजभन्दा १३४ वर्ष अघि आजैका दिन अर्थात् मे१ तारिखमा विश्वभरका मजदुरहरुले अनवरत संघर्ष र बलिदान पश्चात् आफ्नो अधिकार स्थापित गरेका थिए । त्यही दिनको सम्झना तथा श्रमिक योद्दाहरुको सम्मानमा अन्तराष्ट्रिय श्रमिक दिवस मनाईदै छ । हाम्रो देशमा पनि २००७ साल यता यो दिवस मनाउन थालिएको हो ।

श्रमजीवी वर्गले आफ्नो अधिकार स्थापित गरेको यो महान पर्वको अवसरमा देश-विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यको कामना गर्दछु ।

हकअधिकार प्राप्तिका लागि नेपाली जनताले गरेको कठोर संघर्षमा नेपालका श्रमिक वर्गको अविस्मणीय योगदान रहेको छ । हामी ति अमूल्य योगदानको कदर तथा अविचलित संघर्षप्रति गौरव गर्दछौं । अझै पनि समय, ठाउँ र श्रमको समुचित परिभाषा नभएको, कानुनी प्रावधान बमोजिम सेवा-सुविधा नपुगेको र सामाजिक सुरक्षाको उचित व्यवस्था हुन नसकेको गुनासाहरू सुनिने गरेको छ । यसका लागि राज्यले समुचित प्रबन्ध गरी गुनासाहरुको सम्बोधन गर्नु अत्यावश्यक छ । मजदुरहरुले शोषण, दमन र उत्पीडनबाट राहत पाएको दिनको सम्झना गरिरहँदा श्रमको उचित सम्मान र सम्पूर्ण श्रमजीवीहरुको स्थापित अधिकार पूर्ण कार्यान्वयन गर्न यस दिवसले हामी सबैलाई प्रेरित गरोस् भन्दै यो दिवसको अवसरमा पुनः एक पटक हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८१ साल वैशाख १९ गते, बुधबार ।

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख